# सिद्धिचरण नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय ओखलढुंगा
## १ नं. प्रदेश, नेपाल

ठेक्का नं. Goods/१५/२०७८/७९

**औषधी खरिद सम्बन्धि विद्युतिय दरभाउपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशितमिति: २०७८।१०।२७)

यस कार्यालयको चालु आ.व.०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तरगतका स्वस्थ्य संस्था तथा स्वास्थ्य केन्द्रहरुबाट निशुल्क रुपमा बितरण गरिने औषधीहरु विद्युतीय दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपसिलमा उल्लिखित शर्त बमोजिम विद्युतीय दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

१. दरभाउपत्र दस्तुर वापतको रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक ओखलढुङ्गा शाखा स्थित आन्तरिक राजश्व खाता नं. २०७०१००३०१०१०००३ मा रु.१०००।- (एक हजार पछि फिर्ता नहुने गरी) दाखिला गरी सोको भौचर पेश गरिएको हुनु पर्नेछ ।

२. दरभाउत्र खरिद कर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र, बिक्री इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

३. विद्युतीय दरभाउपत्र दर्ता वापत सूचनामा तोकिए बमोजिमको जमानत रकम यस कार्यालयको रा.वा.बैंक ओखलढुङ्गा शाखा स्थित धरौटी खाता नं.२०७०१००३०३००००००३मा नगद जम्मा गरेको भौचर वा दरभाउपत्र खोलिने मितिले कम्तीमा ४५ (पैतालिस) दिनको मान्य अवधि रहने गरी स्वीकृत प्राप्त"क"वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

४.दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजायँ नपाएको भनी लिखित स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र आव्हान सम्बन्धि सूचना प्रकाशन गरिएको मितिको १६ (सोह्रौं) दिनको १२.०० बजे भित्र विद्युतीय माध्यमबाट दरभाउपत्र पेश गर्नु पर्नेछ ।

६. तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका विद्युतीय दरभाउपत्रहरु सोही दिनको १४.०० बजेदेखि (दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा)( प्रतिनिधि उपस्थित नभए पनि) यस कार्यालयमा खोलिनेछ ।

७. दरभाउपत्र विद्युतीय माध्यमबाट पेश गर्ने अन्तिम दिन विदा परेमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समय भित्र विद्युतीय दरभाउपत्र पेश गर्न सकिनेछ ।

८. औषधीहरु खरिद गर्दा WHO/GMP Certify Company बाट उत्पादित औषधि मात्र आपूर्ती गर्नूपर्नै छ ।

९. आपूर्ति हुने औषधीहरुको Expiry Date स्टोर दाखिला हुन आएको मितिमा कम्तीमा २४ महिना बाँकी हुनु पर्नेछ । तर, कुनै औषधीको Expiry Date २४ महिना भन्दा कम हुने अवस्थामा कूल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

१०. आपूर्ति हुने औषधीहरुको प्रत्येक Strip/Lebeling / Packeting को बाहिर उत्पादन मिति, Expiry Date, Batch No., उत्पादक कम्पनीको नाम र "नेपाल सरकारद्वारा निशुल्क वितरणको लागि" भन्ने वाक्यांश उल्लेख भएको हुनु पर्नेछ ।

११. धुलो र झोल औषधी बाहेकका औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतल र ट्यूबमा आपूर्ति हुने सबै औषधीहरु सिलबन्दीहुनु पर्नेछ ।

१२. कार्यालयको सम्म औषधी ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१३. दरभाउपत्रदाताले उपलव्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागि जारी गरिएको सक्कल आधिकारिक पत्र (Authorization Letter) विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र र औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नवीकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१४. दरभाउ पेश गर्दा मूल्य अभिवृद्धि कर समेतको मूल्य समावेश गरी पेश गर्नु पर्नेछ ।

१५. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ ।

१६. अन्य आवश्यक कुराहरु जानकारी लिनु परेमा सम्पर्क नं.९८४२८४१९४७ र ९८४२९३१२२५ मा सम्पर्क राख्न सकिनेछ ।

## तपसिल

| सि.नं. | ठेक्का नं. | विवरण | इष्टिमेट अंक (भ्याट सहित) | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | Goods/15/078/79 | औषधी खरिद | १४,००,०००।- | ३५,०००।- | |

महेन्द्रराज राई
निमित्त प्रमुख प्रशासकीय अधिकृत